# नेपाल पशु चिकित्सा परिषद्
# भेटेरिनरी शिक्षण संस्था स्थापना तथा संचालन सम्वन्धी
# विनियमावली, २०७०

पहिलो संशोधन: २०७३।०७।२६

दोस्रो संशोधन: २०८०।०५।२४

नेपाल पशु चिकित्सा परिषद्
भेटेरीनरी कम्प्लेक्स
त्रिपुरेश्वर, काठमाण्डौं

**फोन नं. ४२५९१४४, ४२६१२१०**

# नेपाल पशु चिकित्सा परिषद्
# भेटेरिनरी शिक्षण संस्था स्थापना तथा संचालन
# विनियमावली, २०७०

नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७ को नियम १० को उपनियम (१), (२) र नेपाल पशु चिकित्सा परिषद् (पशु चिकित्सा तथा पशु पालन स्नातक तह उपाधि सम्बन्धी न्युनतम मापदण्ड) नियमावली, २०६३ को प्रभावकारी कार्यान्वयन गरी पशु चिकित्सा बिषयमा स्नातक तह अध्ययन अध्यापन गराउने भेटेरिनरी शिक्षणसंस्थाको नियमन गरी गुणस्तरीय भेटेरिनरी शिक्षा सुनिस्चित गर्न आवश्यक भएकाले परिषद्ले नेपाल पशु चिकित्सा परिषद ऐन, २०५५ को दफा २९ (२) ले दिएको अधिकारको प्रयोग गरी यो विनियमावली बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो विनियमावलीको नाम "नेपाल पशु चिकित्सा परिषद् भेटेरिनरी शिक्षणसंस्था स्थापना तथा संचालन विनियमावली, २०७०" रहेको छ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

(क) "परिषद्" भन्नाले नेपाल पशु चिकित्सा परिषद् सम्झनु पर्दछ।
(ख) "समिति" भन्नाले यस विनियमावलीको विनियम ४ बमोजिम गठित समिति सम्झनु पर्दछ।
(ग) "भेटेरिनरी शिक्षणसंस्था" भन्नाले भेटेरिनरी स्नातक तहको पठ्यक्रम सञ्चालन गरी वि.भि.यस्सी.एण्ड ए.यच. वा वि.भि.एस्सी. वा डि.भि.यम. वा सो सरहको उपाधि प्रदान गर्ने निजी वा नेपाल सरकारको स्वामित्वमा सञ्चालित अध्ययन संस्थालाई सम्झनु पर्दछ।
(घ) "नियमावली" भन्नाले नेपाल पशु चिकित्सा परिषद् (पशु चिकित्सा तथा पशु पालन स्नातक तह उपाधि सम्बन्धी न्युनतम मापदण्ड) नियमावली, २०६३ लाई सम्झनु पर्दछ।
(ङ.) मापदण्ड भन्नाले नेपाल पशु चिकित्सा परिषद् (पशु चिकित्सा तथा पशु पालन स्नातक तह उपाधि सम्बन्धी न्युनतम मापदण्ड) नियमावली, २०६३ र सो का अनुसूचीहरुमा गरिएको व्यवस्थालाई सम्झनु पर्दछ।

**३. मान्यता प्राप्त गर्नु पर्नेः** (१) भेटेरिनरी शिक्षणसंस्था स्थापना तथा सञ्चालन गर्न चाहने भेटेरिनरी शिक्षण संस्थाले कक्षा सुरु गर्नु अगावै परिषद्बाट स्थायी वा अस्थायी रुपमा मान्यता प्राप्त गरी सक्नु पर्नेछ।
(२) मान्यता प्राप्त गर्न चाहने शिक्षणसंस्थाले अनुसूची १ बमोजिमको ढांचामा परिषद्मा रितपूर्वकको निवेदन दिनु पर्नेछ।
(३) उपविनियम (२) बमोजिमको निवेदनसाथ संचालक समितिको सिफारिस, गुरु योजना र सम्बन्धीत विश्व विद्यालयबाट प्राप्त गरेको सम्बद्धताको प्रमाणपत्रको प्रति मान्यता शुल्क वापत परिषद्मा वा परिषद्को खातामा नगद रु. १,००,०००।० (रु. एक लाख) शुल्क जम्मा गरेको रसिद वा भौचरको सक्कलै प्रति संलग्न गर्नु पर्नेछ।
(४) उपविनियम (३) बमोजिमको जम्मा गरिएको शुल्क फिर्ता गरिने छैन।

४. **भेटेरिनरी शिक्षणसंस्था नीरिक्षण, अनुगमन तथा मुल्यांकन समितिः** (१) परिषद्ले परिषद्का १ जना सदस्यको संयोजकत्वमा आवश्यकता अनुसार ३ देखि ५ जनासम्म परिषद्का पदाधिकारी वा अन्य विज्ञ दर्तावाल पशु चिकित्सकहरु सदस्य रहने गरी एक समिति गठन गरेर भेटेरिनरी शिक्षण संस्थाहरुको अनुगमन तथा निरीक्षण गर्नगराउन सक्नेछ ।

(२) विनियम (१) बमोजिम गठित समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) भेटेरिनरी शिक्षण संस्थाको अनुगमन तथा नीरिक्षण गर्दा के बिषयमा अनुगमन नीरिक्षण गनु पर्ने हो सो बिषयको यकिन गर्नु पर्नेछ ।

(ख) अनुगमन गर्न खटिएका समिति वा पदाधिकारीले मापदण्ड बमोजिम भेटेरिनरी शिक्षणसंस्था सञ्चालन भए नभएको सम्बन्धमा परिषद्बाट स्विकृत कार्यविधि अनुसार अनुगमन र नीरिक्षण गरी परिषद्का ऐन, नियम तथा मापदण्ड अनुरुप भेटेरिनरी शिक्षण संस्था सञ्चालन भए नभएको सम्बन्धमा स्थलगत नीरिक्षण तथा अनुगमन गरी परिषद्मा राय सुझाव सहित प्रतिवेदन पेश गर्नेछ ।

(ग) परिषद्मा मान्यताको लागि दरखास्त दिने भेटेरिनरी शिक्षणसंस्थाहरुको निरीक्षण गरी मान्यता दिन सकिने नसकिने राय सुझाव सहित परिषद्मा प्रतिवेदन पेश गर्ने ।

(घ) यस समितिसंग सम्वन्धित वा परिषद्ले दिएको अन्य कामहरु गर्ने ।

[१](३)......................

(४) ......................

(५) ........................

५. **प्रतिवेदनमा छलफल र निर्णयः** (१) परिषद्ले विनियम ४ बमोजिम गठित समितिले भेटेरिनरी शिक्षणसंस्थाको स्थलगत नीरिक्षण तथा जांचबुझ गरी राय सुझाव सहित पेस गरेको प्रतिवेदन माथि छलफल गरी उक्त प्रतिवेदन समेतको आधारमा भेटेरिनरी शिक्षणसंस्थालाई मान्यता दिने वा नदिने सम्बन्धमा आवशयक निर्णय लिनेछ ।

६. **अस्थायी मान्यताः** (१) विनियम ४ बमोजिम जांचवुझ गर्दा तोकिएको मापदण्ड अनुसारका पूर्वाधारहरु पूरा नभएका तर निश्चित समयावधि भित्र पुरा गर्न सक्ने प्रतिवद्धता र अवस्था देखिएमा परिषद्ले त्यस्तो भेटेरिनरी शिक्षणसंस्थालाई एक पटकमा १ वर्षको लागी वढिमा ५ वर्षसम्म अस्थायी रुपमा सशर्त मान्यता प्रदान गर्न सक्नेछ ।

[2]तर तोकिएको मापदण्ड अनुसारका पूर्वाधारहरु पूरा नभएका तर निश्चित समयावधि भित्र पुरा गर्न सक्ने अवस्था देखिएमा परिषद्ले त्यस्तो भेटेरिनरी शिक्षण संस्थालाई एक पटकमा थप १ वर्षको लागि अस्थायी सशर्त मान्यता प्रदान गर्न सक्नेछ।

(२) अस्थायी मान्यता प्राप्त शिक्षण संस्थाहरुलाई परिषद्बाट अनुसूची (२) बमोजिमको प्रमाणपत्र उपलब्ध गराइने छ ।

[1]परिषदको मिति २०७३।७।२६ को निर्णयानुसार खारेज गरिएको ।

[2] परिषदको मिति २०८०।०५।२४ को निर्णयानुसार थप गरिएको।

(३) प्रमाणपत्रमा तोकिएका शर्तहरु तोकिएको समयावधि भित्र पूरा गर्ने शिक्षण संस्थाहरुलाई पुनः अर्को एक वर्षको लागि निशुल्क अस्थायी मान्यता नविकरण गर्न सकिनेछ ।

(४) तोकिएको शर्तहरु तोकिएको समयावधि भित्र पुरा गर्न नसक्ने शिक्षणसंस्थाले नयां विद्यार्थि भर्ना गर्न पाउने छैन । यसरी विद्यार्थि भर्ना गर्न रोकिएका शिक्षण संस्थाले तोकिएका शर्तहरु पुरा गरेमा मान्यताको लागि पुन दरखास्त दिनु पर्नेछ ।

७. **स्थायी मान्यताः** (१) भेटेरिनरी शिक्षणसंस्थाले कक्षा संचालन शुरु गरेको मितिले छ वर्षभित्र स्थायी मान्यता लिई सक्नु पर्नेछ ।

(२) स्थायी मान्यता प्राप्त गर्नको लागि त्यस्तो शिक्षणसंस्थाले संचालक समिमितको सिफारिस सहित संस्था दर्ता गरे वापत लाग्ने शुल्क रु. ५,००,०००।० (रु. पांच लाख) सहित अनुसूची (१) बमोजिमको निवेदन दिनु पर्नेछ ।

(३) नेपाल पशु चिकित्सा परिषद् (पशु चिकित्सा तथा पशु पालन स्नातक तह उपाधि सम्बन्धी न्यूनतम मापदण्ड) नियमावली, २०६३ बमोजिम अन्तिम वर्षको अन्त्यसम्म सम्पूर्ण मापदण्ड पुरा गर्ने शिक्षणसंस्थालाई परिषद्ले स्थायी मान्यता दिन सक्नेछ ।

(४) परिषद्को ऐन लागू हुनु पूर्व स्थापना भएका शिक्षणसंस्थाले समेत यो विनियमावली बमोजिम ६ महिना भित्र आवेदन दिई मान्यता लिई सक्नु  पर्नेछ ।

(५) स्थायी मान्यता प्राप्त शिक्षणसंस्थाहरुलाई परिषद्बाट अनुसूची (३) बमोजिमको प्रमाणपत्र उपलब्ध गराइने छ ।

८. **मौका दिन सक्नेः** (१) परिषद्का न्यूनतम मापदण्ड पुरा नगर्ने शिक्षणसंस्थाले सो गर्न नसक्नाको स्पष्ट कारणहरु खुलाई परिषद्मा लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम प्राप्त जानकारी माथि परिषद्ले छानविन गरी औचित्यको आधारमा अधिकतम एक बर्षको समयावधि तोकी मापदण्ड पुरा गर्ने थप अवधि प्रदान गर्न सक्नेछ ।

(३) तोकिएको समयावधि भित्र स्थायी मान्यता नलिने शिक्षण संस्थाले नयां विद्यार्थि भर्ना गर्न रोक लगाउने निर्देशनका लागि सम्बन्धीत विश्वविद्यालयलाई अनुरोध गर्न सकिनेछ ।

९. **विवरण उपलब्ध गराउनु पर्नेः** भेटेरिनरी शिक्षणसंस्थाले देहाय बमोजिमको विवरण परिषद्मा उपलब्ध गराउनु पर्ने छः

(१) प्रत्येक शैक्षिक शत्रमा भर्ना भएका विद्यार्थीको अनुसूची (४) बमोजिकको विवरण सोही शैक्षिक सत्रको सुरु मै उपलब्ध गराउने ।

(२) भेटेरिनरी स्नातक तहको प्रथम बर्षमा नयां भर्ना हुंदा भर्ना भएका प्रत्येक विद्यार्थीबाट अध्ययन अवधिभरका लागि एक पटक लाग्ने भर्ना शुल्क रु. १०००।० (एक हजार मात्र) संकलन गरी भर्ना भएको शैक्षिक शत्रको प्रारम्भमा नै परिषद्मा उपलब्ध गराउने ।

(३) शिक्षण संस्थामा हुने प्रवेश परिक्षा, इन्टर्नशिप (Internship Course)र अन्तिम परिक्षाको सूचना समयमै उपलब्ध गराउने ।

(४) परिषद्ले आवश्यकता अनुसार माग गरेका अन्य विवरणहरु समय मै उपलब्ध गराउने ।

१०. **ईन्टर्नशिप सम्बन्धी व्यवस्थाः** (१) नेपाल पशु चिकित्सा परिषद् (पशु चिकित्सा तथा पशुपालन स्नातक तह उपाधि सम्वन्धी न्यूनतम मापदण्ड) नियमावली, २०६३ को नियम ८ अनुसार इन्टर्नशिपमा जानु अगावै इन्टर्नीहरु परिषद्मा दर्ता हुनु पर्नेछ ।

(२) उपविनियमावली (१) बमोजिमको इन्टर्नशिप दर्ता गर्नको लागि सम्बन्धित शिक्षणसंस्थाले ईन्टर्नशिप गर्ने विद्यार्थिको आठौं सेमेष्टरसम्मका सम्पूर्ण बिषयहरु उत्तिण गरी नवौं सेमेष्टरको अन्तिम परीक्षामा सामेल भएको व्यहोरा प्रमाणित गरी प्रति विद्यार्थि लाग्ने ईन्टर्नशिप शुल्क रु १००।० (अक्षेरुपी एक सय मात्र) र पासपोर्ट साईजको हालसालै खिचेको सहित अनुसूची ५ बमोजिमको ढांचामा उल्लिखित विवरण परिषद्लाई उपलव्ध गराउनु पर्नेछ ।

(३) विनियम १० (२) बमोजिमको निवेदन माथि आवश्यक छानविन गरी उपयुक्त देखिएमा रजिष्ट्रारले अध्यक्षसंग परामर्श गरी अनुसूची (६) बमोजिमको ढाचामा ईजाजतपत्र दिन सक्नेछ ।

**११. कारवाही गर्न सक्नेः** (१) विनियम ८ बमोजिमको समयावधिमा पनि मापदण्ड पुरा नगर्ने भेटेरिनरी शिक्षणसंस्थाहरुलाई परिषद्ले देहाय बमोजिम कारवाही गर्न सक्नेछः

(क) कुनै पनि सेमेष्टरको अवधिमा थप कक्षा सञ्चालनमा रोक लगाउने ।

(ख) नयां शैक्षिक बर्षमा भर्ना नलिन सम्वन्धन दिने विश्वविद्यालयलाई अनुरोध गर्ने ।

(ग) परिषद्ले प्रदान गरेको मान्यता फिर्ता लिन सक्ने ।

(२) स्थायी मान्यता प्राप्त गरेपछि पनि अनुगमन गर्दा मापदण्ड अनुरुप नभएका शिक्षण संस्थालाई सचेत गर्ने देखि लिएर मान्यता खारेज सम्म गर्न सकिनेछ ।

**१२. वाधा अड्काउ फुकाउनेः** यो विनियमावली कार्यान्वयन गर्ने क्रममा कुनै वाधा अड्काउ परेमा परिषद्ले निर्णय गरे बमोजिम हुने छ ।

**१३. खारेजी र बचाउः** (१) "नेपाल पशु चिकित्सा परिषद् भेटेरिनरी शिक्षणसंस्था स्थापना तथा संचालन विनियमावली, २०६१" खारेज गरिएको छ ।

(२) सो विनियमावली बमोजिम भए गरेका कार्यहरु यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १

### भेटेरिनरी शिक्षणसंस्थाको अस्थायी/स्थायी मान्यताकोलागि दिने निवेदन फारम

(भेटेरिनरी शिक्षणसंस्था स्थापन तथा संचाालन सम्बन्धी (पहिलो संशोधन)विनियमावली, २०७० को विनियम ३ र विनियम ७ संग सम्बन्धित)

श्री रजिष्ट्रारज्यू,
नेपाल पशु चिकित्सा परिषद्
भेटेरिनरी कम्प्लेक्स,
त्रिपुरेश्वर, काठमाण्डौ ।

मोहदय,

नेपाल पशु चिकित्सा परिषद् (पशु चिकित्सा तथा पशु पालन स्नातक तह उपाधि सम्बन्धि न्यूनतम मापदण्ड) नियमावली, २०६३ बमोजिम यस भेटेरिनरी शिक्षणसंस्थाले वि.भि.एस्सी. एण्ड ए.एच. को स्नातक तहको पाठ्यक्रम संचालनको लागी नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ र नेपाल पशु चिकित्सा परिषद् ( पशु चिकित्सा परिषद् तथा पशु पालन स्नातक तह उपाधि सम्बन्धि न्यूनतम मापदण्ड) नियमावली, २०६३ र अन्तरगत बनेको भेटेरिनरी शिक्षणसंस्था स्थापना तथा संचालन सम्बन्धी (पहिलो संशोधन) विनियमावली, २०७० बमोजिमका मापदण्ड तथा पुर्वाधारहरु पुरा गरिसकेकोले परिषद्को नियमानुसारको शुल्क समेत संलग्न राखी अस्थायी/स्थायी मान्यताको लागी यो दरखास्त पेश गरेका छौ ।

शिक्षण संस्था प्रमुखः

भेटेरिनरी शिक्षणसंस्थाको नाम, ठेगाना....................

**संलग्नः**

१. भेटेरिनरी शिक्षण संस्थाका संचालक समितिको सिफारिस
२. शिक्षण संस्थाको गुरु योजना (नयाँको लागि मात्र)
३. निवेदन दस्तुर रु.५००।० जम्मा गरेको भौचर वा नगदि रसिद
४. अस्थायी मान्यताको लागी रु.१,००,०००।० जम्मा गरेको भौचर वा नगदि रसिद
५. स्थायी मान्यताको लागी रु.५,००,०००।० जम्मा गरेको भौचर वा नगदि रसिद
६. विश्वविद्यालयको सम्बद्धता पत्र (नयाँको लागि मात्र)

अनुसुचि २

# नेपाल पशु चिकित्सा परिषद्

NEPAL VETERINARY COUNCIL

(नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ अन्तर्गत स्थापित)

(नेपाल पशू चिकित्सा परिषद् ऐन, २०५५ को दफा ९(च) र भेटेरिनरी शिक्षण संस्था स्थापना तथा संचालन सम्वन्धी विनियमावली (प्रथम संशोधन), २०७० को विनियम ६ संग सम्वन्धित)

## अस्थायी मान्यता प्रमाण(पत्र

**दर्ता नम्बरः.............** **मिति : ..............**

..............................................(शिक्षण संस्थाको नाम) लाई नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ र नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७ बमोजिम भेटेरिनरी स्नातक (B.V.Sc & A.H.)तहको ..................... शैक्षिक शत्र (व्याच) सम्मको पठन पाठन कार्यक्रम संचालन गर्न परिषद्को मिति .......................को निर्णयानुसार सशर्त अस्थायी मान्यता प्रदान गरिएको छ।

**रजिष्ट्रार**

अनुसुचि ३

**भेटेरिनरी शिक्षणसंस्थाको स्थायी मान्यता प्रमाणपत्र**

# नेपाल पशु चिकित्सा परिषद्

NEPAL VETERINARY COUNCIL

(नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ अन्तर्गत स्थापित)

(नेपाल पशू चिकित्सा परिषद् ऐन, २०५५ को दफा ९(च) र भेटेरिनरी शिक्षण संस्था स्थापना तथा संचालन सम्वन्धी विनियमावली, २०७० को विनियम ७ संग सम्वन्धित)

## स्थायी मान्यता प्रमाण-पत्र

**दर्ता नम्बरः.............** **मिति : .............**

...............................................(शिक्षण संस्थाको नाम) लाई नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ र नेपाल पशु चिकित्सा परिषद् नियमावली, २०५७ बमोजिम भेटेरिनरी स्नातक (B.V.Sc & A.H.) तहको ..................... शैक्षिक शत्र (व्याच) सम्मको पठन पाठन कार्यक्रम संचालन गर्न परिषद्को मिति .......................को निर्णयानुसार सशर्त स्थायी मान्यता प्रदान गरिएको छ ।

**रजिष्ट्रार**

अनुसूची ४



# भेटेरिनरी स्नातक कार्यक्रममा विद्यार्थी भर्ना विवरण फाराम

(भेटेरिनरी शिक्षण संस्था स्थापना तथा संचालन सम्बन्धी (पहिलो संशोधन) विनियमावली, २०७० को विनियम ९ संग सम्वन्धित)

भेटेरिनरी शिक्षण संस्थाको नाम र ठेगाााना:
भर्ना भएको शैक्षिक शत्र.............................................

| क.सं | विद्यार्थीको नाम थर | विद्यार्थीको ठेगाना | | | लिङ्ग | जन्म मिति | नागरिकताको प्रमाणपत्र | | बाबु/आमाको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.वि.स./ न.पा. | वडा नं. | | | नम्बर | जिल्ला | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

सम्वन्धित फाँटवालाको
हस्ताक्षर

क्याम्पस प्रमुखको हस्ताक्षर

| SLC उत्तिर्ण गरेको विवरण | | | | प्रमाणपत्र तह उत्तिर्ण गरेको कलेजको विवरण | | | प्रमाणपत्र तह उत्तिर्ण गरेको | | भेटेरिनरी कोर्षमा भर्ना परिक्षा | | | भेटेरिनरी कोर्षमा भर्ना विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्कुलको नाम | ठेगाना | रोल नम्वर | प्राप्तङ्क (प्रतिशतमा) | नाम | ठेगाना | सम्बद्ध बोर्ड वा विश्व विद्यालय | वर्ष | प्राप्ताङ्क | मिति | स्थान | उत्तिर्ण भएको क्रम संख्या | भर्ना भएको मिति | क्याम्पस दर्ता नं. | |
| ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

सम्वन्धित फाँटवालाको हस्ताक्षर

क्याम्पस प्रमुखको हस्ताक्षर

नोटः देहाय बमोजिमको विवरण पुष्टि हुने प्रमाणपत्र संलग्न गर्नेः

१. आफुले हासिल गरेका शेक्षिक उपाधिहरुको त्रिभुवन विश्वविद्यालय वा नेपाल सरकारको उच्च शिक्षा बोर्डबाट मान्यता प्राप्त गरेको र समकक्ष निर्धारण गरेको प्रमाणपत्रः

२. प्रमाणपत्र तहमा प्राप्त प्रतिशत खोल्ने र परिषद्को न्यूनतम मापदण्ड नियमावलीले तोकेका बिषयमा प्राप्तांक लेख्ने ।

अनुसूची ५

## भेटेरिनरी स्नातक पाठ्यक्रमको इन्टर्नशिप गर्नु अघि इजाजतपत्र लिन सम्वन्धित शिक्षण संस्थाले परिषद्मा पेश गर्ने फाराम

(भेटेरिनरी शिक्षण संस्था स्थापना तथा संचालन विनियमावली, २०७० को विनियम १० संग सम्वन्धित)

शैक्षिक शत्र.............................................                    इन्टर्नशिप अवधि ..................... देखि..............................सम्म

| क्र.सं. | इन्टर्नी विद्यार्थीको नाम | क्याम्पसको रजिष्ट्रेशन नम्बर | आठौं सेमेष्टरसम्ममा कुनै विषय अनुत्तिर्ण गरेको भए नाम | नवौं सेमेष्टरको परिक्षामा सहभागी भएको | | | सुपरिवेक्षणगर्ने प्राध्यापक वा दर्तावाल पशु चिकित्सक | | इन्टर्नशिप गर्ने निकाय | | इन्टर्नी विद्यार्थीको प्रमाणित फोटो | शुल्क रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मिति | रोल नंम्बर | परिक्षा केन्द्र | नाम | ठेगाना | नाम | ठेगाना | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | |

फाँटवालाको हस्ताक्षर                    क्याम्पसप्रमुखको हस्ताक्षर

नोट : (१) एक प्रति पासपोर्ट साइजको फोटो क्याम्पस प्रमुखवाट प्रमाणित गराई फाराममा टास्नु पर्ने र अर्को एक प्रति परिषद्मा वुझाउनु पर्नेछ ।

(२) प्रत्येक इन्टर्नी विद्यार्थीले दर्ता शुल्क स्वरुप रु. १००। क्याम्पसमा जम्मा गर्नु पर्नेछ । सम्वन्धित शिक्षण संस्थाले एकमुष्ट रकम परिषद्मा वुझाउनु पर्नेछ । रकम प्राप्त भएपछि परिषद्ले नगदी रसिद उपलब्ध गराउने छ ।

(३) ईन्टर्नशिप गर्ने विद्यार्थिले आठौं सेमेष्टरसम्ममा सबै विषयका सबै परीक्षा (सैद्धान्तिक र व्यवहारिक) उत्तिर्ण गरेको र नवौं सेमेष्टरको अन्तिम परिक्षामा सहभागी भएको हुनु पर्ने छ ।

अनुसुचि ६

नेपाल पशु चिकित्सा परिषद्

# **भेटेरिनरी इन्टर्नीको ईजाजत–पत्र**

## **Letter of Authority for Veterinary Internee**

(भेटेरिनरी शिक्षणसंस्था स्थापन तथा संचालन सम्बन्धी विनियमावली, २०७० को विनियम १० संग सम्बन्धित)

S.No.. ……… ……..

This is to certify that *Mr* ……………………………., having university registration no. …. … .. .. .. .., a veterinary internee student of ……………………………….*(College)* ………………………………….., …………………………….. *University* has been authorized to work as Veterinary Intern under the supervision of *Dr.* ……………………… (NVC Reg. No………) in Nepal under the provisions of Nepal Veterinary Council Educational Institution Operation By-laws 2070.

Date:

Registrar